# आर्थिक वर्ष २०८२/८३ को

# बजेट बक्तव्य

## त्रिपुरासुन्दरी गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

सल्यानटार,धादिङ

सम्मानित सभाका सभाध्यक्ष महोदय,

सभाका सचिव ज्यू,

गाउँसभाका सदस्य ज्यूहरु,

शाखा प्रमुख,पत्रकार एवं अन्य कर्मचारी मित्रहरु तथा आम उपस्थित महानुभावहरु ।

समाज रूपान्तरणका लागि विभिन्न चरणमा भएका जनयुद्द,जनआन्दोलन तथा मधेश आन्दोलनबाट प्राप्त संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको संविधानले निर्दिष्ट गरेको स्थानीय निर्वाचनबाट निर्वाचित वडा अध्यक्षको रुपमा पहिलो पाँच वर्षे कार्यकाल सफलतापुर्वक सम्पन्न गरी पुनः जनताबाट अनुमोदित भई निर्वाचित उपाध्यक्षको रुपमा यस गरिमामय सभामा चौथो वर्षको बजेट तथा कार्यक्रम प्रस्तुत गर्ने अवसर प्राप्त भएकोमा अत्यन्तै हर्ष महसुस भएको छ । मलाई आजको यस स्थानसम्म आई पुग्न महत्वपुर्ण सहयोग तथा मार्गनिर्देश गर्नु हुने तपाई आम गाउँबासी आमाबुवा, दाजुभाई, दिदीबहिनीहरुमा हार्दिक धन्यवाद सहित आभार व्यक्त गर्दछु ।

देशमा संघीय लोकतान्त्रिक गणतन्त्र स्थापना गर्न तथा नागरिकलाई सार्वभौम एवं अधिकार सम्पन्न बनाउने अभियानमा आफ्नो जीवन उत्सर्ग गर्नुहुने महान शहीदहरुप्रति भावपूर्ण श्रद्वान्जली अर्पण गर्दै आन्दोलनका तमाम घाईतेहरुको सिघ्र स्वास्थ्य लाभको कामना गर्दछु ।

संघीय शासन प्रणालीमा रहेका तीन तहको सरकार मध्ये प्रत्यक्ष रूपमा जनतासंग जोडिने सरकारको रूपमा स्थापीत स्थानीय सरकार भएकाले जनताको समिपमा रहेर जनभावना,जनआकांक्षा तथा वास्तविक आवस्यकतालाई अध्ययन एवं विश्लेषण गरि बजेट तथा कार्यक्रम तर्जुमा गर्नुपर्ने कुरामा सचेत हुदै उपलव्ध स्रोत साधनलाई सन्तुलन मिलाउने अधिकतम प्रयास गरेको छु ।

गाउँपालिकाको सेवा प्रवाहलाई चुस्त, पारदर्शी एवं प्रभावकारी बनाउदै प्रविधिमैत्रि सेवा प्रवाह विस्तार गर्न, शिक्षा, स्वास्थ्य, खानेपानी सिंचाई एवं सडक तथा पूर्वाधार निर्माणमा लगानी वृद्दि गर्न, रोजगारी सिर्जना, गरिवी निवारण, आयआर्जनमा वृद्दि, पर्यटन प्रवर्धन, दिगो तथा गुणस्तरिय भौतिक पूर्वाधारको विकास, जनसहभागिता अभिवृद्दि, विकासको मुल धारबाट पछाडि परेका तथा पारिएका सबै वर्ग, क्षेत्र,लिङ्ग एवं समुदायलाई मुल प्रवाहीकरण गर्दै गाउँपालिकाको समग्र आर्थिक तथा सामाजिक विकासलाई मापनयोग्य वनाउन हामी सबै निष्ठावान भएर निरन्तर लागिरहनु पर्दछ ।

देशले लिएको दीगो विकासको लक्ष्यहरु हाँसिल गर्न तथा विगत आर्थिक वर्षहरूमा गाउँपालिकाले लिएका नीति तथा कार्यक्रम र यस वर्षको नीति तथा कार्यक्रमले तय गरेका लक्ष्यहरू पुरा गर्न स्थानीय सरकार संचालन ऐन २०७४ तथा स्थानीय तहको वार्षिक योजना तथा बजेट तर्जुमा दिग्दर्शन २०७४ ले तोकेको प्राथमिकताहरुलाई आधार बनाई विभिन्न विषयगत शाखा तथा समितिहरु एवं कार्यपालिकाबाट प्राप्त सुझावहरु समेतलाई मध्यनजर गर्दै आगामी आ.व. २०८२/८३ मा प्राप्त हुन सक्ने अनुमानित आयलाई आधार मानी प्रस्तुत बजेट तयार परेको छु ।

सभाध्यक्ष महोदय,

अब म चालु आर्थिक वर्ष २०८१/८२ को जेष्ठ मसान्तसम्मको प्रगति विवरण सक्षिप्तमा प्रस्तुत गर्न चाहन्छु।

- राजश्व परामर्श समितिको प्रतिवेदन तथा आर्थिक वर्ष २०८१/८२ को लागि संघिय सरकार तथा प्रदेश सरकारबाट प्राप्त अन्तरसरकारी वित्त हस्तान्तरणको आधारमा सम्सोधन सहित कुल बजेट रु. ६२ करोड ३७ लाख ४८ हजार अनुमान गरिएकोमा चालु आर्थिक वर्ष २०८१/८२ को जेष्ठ मसान्तसम्म भएको खर्चको विवरण यस प्रकार रहेको छ।

| बजेट | | जेष्ठ मसान्तसम्म भएको खर्च | खर्च प्रतिशत |
|---|---|---|---|
| चालु | ४० करोड ५६ लाख ४ हजार | २७ करोड ६३ लाख १२ हजार | ६८.१२ % |
| पुंजीगत | २१ करोड ८१ लाख ४४ हजार | ११ करोड ३२ लाख ८३ हजार | ५१.९३ % |
| **जम्मा** | **६२ करोड ३७ लाख ४८ हजार** | **३८ करोड ९५ लाख ९५ हजार** | **६२.४६ %** |

सभाध्यक्ष महोदय,

अव म आगामी आ.व.२०८२/८३ को लागि प्रस्तावित बजेट प्रस्तुत गर्न चाहन्छु।

- गाउँपालिकाको स्रोत अनुमान तथा बजेट सिमा निर्धारण समिति र बजेट तथा कार्यक्रम तर्जुमा समितिको सिफारिसको आधारमा आगामी आ.व.२०८२/८३ को लागि अनुमानित कुल बजेट ६४ करोड ९० लाख रुपैया प्रस्ताव गरेको छु।

उल्लेखित बजेट प्राप्त हुने स्रोतहरूमा:-

**संघिय सरकारतर्फ:**

- समानीकरण अनुदान:- १३ करोड १३ लाख
- सशर्त अनुदान:- २४ करोड ८ लाख
- बिशेष अनुदान:- ६९ लाख
- समपुरक अनुदान :- १ करोड ८७ लाख
- राजश्व बाडफाड :- १० करोड ५१ लाख ९६ हजार १ सय १२ रुपैया

**प्रदेश सरकारतर्फ:-**

- समानीकरण अनुदान: १ करोड ३३ लाख ९७ हजार
- सशर्त अनुदान: २ करोड ५७ लाख १ हजार
- बिशेष अनुदान: ६५ लाख
- समपुरक अनुदान: १ करोड ७८ लाख
- राजश्व बाडफाड: ३ करोड ३९ लाख ६० हजार ५ सय ९५ रुपैया

**गाउँपालिकातर्फ:-**

- घरजग्गा रजिस्ट्रेसन शुल्क: १ करोड
- दहत्तर बहत्तर शुल्क: १ करोड
- बैंक मौज्दात (अल्या): १ करोड २७ लाख

- रोयल्टि : ६० लाख
- राजश्व प्राप्ति : १ करोड ४५ हजार २ सय ९३ रूपैया रहेको छ ।

सभाध्यक्ष महोदय,

अव म संघीय ससर्त अनुदान,समपुरक अनुदान तथा बिशेष अनुदान र प्रदेश ससर्त अनुदान,समपुरक अनुदान तथा विशेष अनुदानलाई तत् तत् रूपमा खर्च हुने गरि यथावत कायम गर्दै आगामी आ.ब. २०८२/८३ को लागि प्रस्तावित क्षेत्रगत व्यय अनुमान प्रस्तुत गर्न चाहन्छु ।

## आर्थिक बिकासको क्षेत्र

आर्थिक बिकासको क्षेत्र अन्तरगत ससर्त अनुदान रकम रू २ करोड २९ लाख प्राप्त भएकोमा सो बाहेक रू ८१ लाख थप गरि कुल बजेट रू ३ करोड १० लाख प्रस्ताव गरेको छ, जसको क्षेत्रगत विनियोजन यसप्रकार रहेका छन् -

१. समग्र पालिकाको कृषि विकास कार्यका लागि संघीय ससर्त अनुदानमा प्राप्त १ करोड ४९ लाखमा पालिकाबाट रू ३० लाख थप गरि एकमुष्ट बजेट रू १ करोड ७९ लाख विनियोजन गरेको छ ।

२. कृषकको जीवनस्तर उकास्ने प्रमुख क्षेत्र पशु विकास क्षेत्रका लागि वित्तीय हस्तान्तरणबाट प्राप्त ३६ लाखमा पालिकाबाट रू १५ लाख थप गरि कुल बजेट रू ५१ लाख पुर्याएको छु।

३. सहकारी क्षेत्रको प्रवर्धनका लागि रकम रू ३ लाख विनियोजन गरेको छु ।

४. गाउँपालिकाको समग्र पर्यटन प्रवर्धन कार्यका लागि रू २५ लाख विनियोजन गरेको छु ।

५. गाउँपालिका भित्र सुचिकृत वेरोजगार व्यक्तिहरूलाई न्युनतम रोजगारी सृजना गर्न एवं बैदेशिक रोजगारमा जाने तथा गएर फर्किएका युवाहरूलाई लक्षित गरि उनिहरूको पेशागत संरक्षण र सीप प्रवर्धन गर्न संघीय सरकारबाट प्राप्त रू ३६ लाखमा पालिकाबाट रू ८ लाख थप गरि ४४ लाख पुर्याएको छु ।

## सामाजिक बिकासको क्षेत्र

सामाजिक बिकासको क्षेत्र अन्तरगत ससर्त अनुदानमा प्राप्त रू २२ करोड ७२ लाख ७० हजारमा गाउँपालिकाबाट रू ३ करोड ८९ लाख ९९ हजार थप गरि कुल बजेट रू २६ करोड ६२ लाख ६९ हजार प्रस्ताव गरेको छु, जसको क्षेत्रगत विनियोजन यसप्रकार रहेका छन् -

६. माध्यामिक तह सम्मको शिक्षालाई अनिबार्य एवं निशुल्क रूपमा संचालन गर्ने नेपाल सरकारको महत्वकाक्षी परियोजनाई गाउँपालिकाले समेत अपनत्व लिई शिक्षा क्षेत्रको समग्र विकास र गुणस्तर सुधार कार्यका लागि वित्तीय हस्तान्तरणबाट प्राप्त रू १८ करोड ३१ लाख ६८ हजारमा गाउँपालिकाबाट रू २ करोड ४९ लाख ९९ हजार थप गरि कुल बजेट २० करोड ८१ लाख ६७ हजार विनियोजन गरेको छु ।

७. मानव स्वास्थ्य संवेदनशीलतालाई ध्यान दिई गाउँबासीहरूको स्वास्थ्यमा सहज पहुच स्थापित गर्न संघ तथा प्रदेश सरकारबाट प्राप्त रू ४ करोड ३५ लाख ८० हजारमा पालिकाबाट थप रू ६५ लाख विनियोजन गरि कुल बजेट ५ करोड ८० हजार पुर्याएको छु ।

८. महिला बालबालिका तथा लक्षित समुहको मुल प्रबाहिकरण गरी समुदायबाट पछाडि परेका एवं पारिएका समुदायको जीविकोपार्जन सुधार मार्फत उत्थानशीलता विकास गर्न पालिकाबाट रू ५०लाख थप गरि कुल ५५ लाख २२ हजार पुर्याएको छु ।

९. गाउँपालिकिभित्रका युवा जनशक्तिहरूलाई खेलकुद तथा मनोरञ्जनको माध्यमबाट राष्ट्रिय तथा अन्तराष्ट्रिय प्रतिस्पर्धामा समेत अव्वल तुल्याई गाउँपालिकाको पहिचान उच्च बनाउन सक्ने जनशक्ति तयार गर्न गाउँपालिकाबाट रकम रू २५ लाख विनियोजन गरेको छु ।

## पूर्वाधार बिकासको क्षेत्र

पूर्वाधार बिकासको क्षेत्र अन्तरगत कुल संघ तथा प्रदेश सरकारबाट प्राप्त बजेट रू ६ करोड ५५ लाखमा गाउँपालिकाबाट समपुरक थप तथा अन्य पूर्वाधार निर्माण समेतका लागि गाउँपालिकाबाट बजेट रू १९ करोड १२ लाख थप गरि कुल बजेट रू २५ करोड ६७ लाख रूपैया प्रस्ताव गरेको छु,

- समपुरक कोष साझेदारी समेत एकमुष्ट रू ७ करोड ३० लाख
- संघ तथा प्रदेश विशेष अनुदान रकम रू १ करोड ५२ लाख
- ससर्त अनुदान पुजीगत तर्फ रू १ करोड ३८ लाख
- चालु आर्थिक वर्षको अनुमानित दायित्व भुक्तानी रु ४ करोड
- गाउँ गौरवका आयोजनाहरुका लागि रु ६ करोड ६५ लाख
- वडा तथा पालिकास्तरिय आयोजनाहरुको लागि रु ४ करोड ४२ लाख
- साझेदारीमा कार्यक्रम संचालन तथा पूर्वाधार निर्माणका लागि रू ४० लाख रहेको छ।

## वडागत बजेट सीमा

१०. वस्ती तथा टोलस्तरबाट संकलित वडा स्तरिय आयोजना तथा कार्यक्रमहरू वडा कार्यसमितिको निर्णय बमोजिम संचालन गर्न गाउँपालिका भित्र रहेका ७ वटा वडालाइ रु ४० लाख का दरले एकमुष्ट रु २ करोड ८० लाख रूपैया विनियोजन प्रस्ताव गरेको छु।

## वातावरण तथा बिपद् व्यबस्थापनको क्षेत्र

वातावरण तथा बिपद् व्यबस्थापन क्षेत्रको लागि गाउँपालिकाबाट कुल बजेट रू ५८ लाख प्रस्ताव गरेको छु, जसको क्षेत्रगत बिनियोजन यसप्रकार रहेका छन् -

११. आकस्मिक रुपमा हुने साना तिना विपद्जन्य घटनाहरूको वडा स्तरमा नै समाधान गर्न एवं कम पुँजीका राहत सहयोग वडा कार्यालयबाट नै उपलब्ध गराउन वडा स्तरमा रू ३ लाखका दरले २१ लाख रूपैया र ठुला प्रकृतिका विपद्जन्य घटनाहरूको उद्दार, राहत, पुनस्थापना एवं प्रतिकार्यका लागि रू ३० लाख गरी कुल बजेट रू ५१ लाख विनियोजन गरेको छु ।

१२. बढ्दो सहरिकरण संगै उत्पन्न हुने फोहरमैलाहरूको उचित व्यवस्थापन र जैविक विविधता संरक्षण मार्फत गाउँपालिकाभित्रको वातावरणलाई स्वाच्छ एवं अनुकुलन कायम गर्न रू ७ लाख विनियोजन प्रस्ताव गरेको छु ।

## सुशासन, संस्थागत बिकास तथा सेवा प्रबाहको क्षेत्र

सुशासन, संस्थागत बिकास तथा सेवा प्रबाहको क्षेत्र अन्तरगत कुल बजेट रू १ करोड ७२ लाख ३१ हजार प्रस्ताव गरेको छु, जसको क्षेत्रगत विनियोजन यसप्रकार रहेका छन् -

१३. संघीय शासन प्रणालीमा रहेका तीन तहको सरकार मध्ये प्रत्यक्ष रूपमा जनतासंग जोडिने सरकारको रूपमा स्थापीत स्थानीय सरकार भएकाले जनताको समिपमा रहेर जनभावना,जनआकांक्षा तथा वास्तविक आवस्यकतालाई संम्बोधन गर्दै गाउँपालिकाको सुशासन तथा संस्थागत विकास र सेवा प्रवाहलाई थप चुस्त एवं पारदर्शी ढंगबाट संचालन गर्न संघीय सरकारबाट प्राप्त रू ५ लाखमा गाउँपालिकाबाट रू १ करोड ५० लाख थप गरि कुल बजेट रू १ करोड ५५ लाख प्रस्ताव गरेको छु।

१४. नेपालको संविधान तथा स्थानीय सरकार संचालन ऐनले परिकल्पना गरे बमोजिम स्थानीय स्तरमा उत्पन्न हुने विवाद एवं समस्याहरूको सोही तहमा न्यायिक निरूपण गर्दै न्यायमा सबैको सहज पहुँच स्थापित गर्न न्यायिक कार्य सम्पादन तर्फ प्रदेश सरकारबाट प्राप्त रु २ लाख ३१ हजारमा गाउँपालिकाबाट रू १५ लाख थप गरि कुल बजेट रु १७ लाख ३१ हजार विनियोजन प्रस्ताव गरेको छु।

## कार्यालय संचालन तथा कर्मचारी व्यबस्थापन

१५. पारिश्रमिक लगायत अनिवार्य दायित्व भुक्तानी मार्फत कार्यालयको दैनिक प्रशासन संचालन तथा कर्मचारी व्यवस्थापनको क्षेत्रमा कुल बजेट रू ७ करोड २० लाख प्रस्ताव गरेको छु।

१६. उल्लेखित विनियोजनको आधारमा संघीय सरकार तथा प्रदेश सरकारबाट प्राप्त हुने सबै प्रकारका अनुदान तथा सोहि बमोजिम सिर्जना हुने दायित्व समेतका आधारमा आगामी आर्थिक वर्ष २०८२/८३ का लागि यस गाउँपालिकाको कुल बजेट रकम ६४ करोड ९० लाख मध्ये चालु खर्च तर्फ रु ३९ करोड २३ लाख अर्थात् ६०.४५ प्रतिशत र पुँजिगत खर्च रु २५ करोड ६७ लाख अर्थात ३९.५५ प्रतिशत हुने प्रक्षेपण गरिएको छ।

१७. गाउँपालिकाको राजश्व परामर्श समिति र बजेट तथा कार्यक्रम तर्जुमा समितिबाट प्रस्ताव भई कार्यपालिकाबाट स्वीकृत भएको आगामी आर्थिक वर्षको प्रस्तावित आर्थिक विधेयकको संम्सोधन तथा विनियोजन विधेयकमाथि छलफल तथा अनुमोदनका लागि सम्मानित सभा समक्ष पेश गर्दछु।

## अन्त्यमा

प्रस्तुत बजेट तथा कार्यक्रम तर्जुमा प्रकृयामा प्रत्यक्ष तथा अप्रत्यक्ष रूपमा सहयोग गर्नुहुने सम्पुर्णमा हार्दिक धन्यबाद सहितको आभार व्यक्त गर्दै सम्मानित सभाका सदस्यहरूको राय, सुझाव तथा प्रतिक्रियाहरूलाइ विशेष प्राथमिकताकामा राखि कुनै स्रोतबाट बजेट थपघट हुन आउने भएमा यसै बजेटको हिस्सा मानी सोही वमोजिम थपघट गर्ने प्रतिबद्दता व्यक्त गर्दै यस गरिमामय गाउँसभामा प्रस्तुत नीति तथा कार्यक्रम र वार्षिक बजेट समग्र गाउँपालिकाको बिकासमा महत्वपुर्ण कोशेढुङ्गा बन्नेछ भन्ने विस्वासका साथ बिदा हुने अनुमती चाहन्छु, जय नेपाल, लाल सलाम,धन्यबाद नमस्कार ।।।

देवराज धरेल

उपाध्यक्ष